जन्मदिनमा स्वास्थ्य केन्द्रलाई सामाग्री सहयोग । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१३, ● अंक-४० ● २०७८ वैशाख ६ गते सोमबार, ● 19 April. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## मनहरीमा ७ वटा पक्की पुल

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकामा साना खालका पुल निर्माणलाई पनि प्राथमिकता दिइएको छ । ठुला खोलामा लामा र फराकिला पुल निर्माण गर्ने कामसंगै साना खहरे खोलाहरूमा पनि साना खालका सात वटा पुल निर्माण गरिएको छ । चार वर्षको अवधिमा साना कज्वय एक दर्जन निर्माण भएका छन् । तर, खोला ओहोर दोहोर गर्नका लागि मनहरी गाउँपालिकाको बिभीन्न वडामा साना लगानीका सात वटा पक्की पुल ओहोर दोहोर गर्नका लागि सहज भएको छ ।

मनहरी गाउँपालिका वडा नम्बर-७ कत्लेखोलामा पुल निर्माण गरिएको छ । मानेडाँडा-रमौली सडक खण्डमा पुल निर्माण गरिएको हो । ८० लाख रूपैयाँ लागतमा पुल निर्माण गरिएको अध्यक्ष उप्रेतीले बताए ।

मनहरी-७ कै तल्लोबजारको जिर्ण अवस्थामा रहेको काठको पुल भत्काएर अर्को पक्की पुल निर्माण गरिएको छ । २५ लाख रूपैयाँ लागतमा पुल निर्माण गरिएको हो । वडा नम्बर-७ मै दुइवटा



निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले जानकारी दिए ।

गाउँपालिकामा जनप्रतिनिधि आएपछी बिकासका कामले गति लिएसंगै गाउँमा सडक निर्माण, पुल निर्माण, खानेपानी, बिजुली, कृषि, सहकारी क्षेत्रमा विकास भएसंगै साना कामका लागि पनि संघीय सरकारको मुख ताक्नुपर्ने समस्या बेहोर्दै आएका स्थानीय वासिन्दाहरूलाई अहिले भने आफ्नै जनप्रतिनिधिले हरेक विकासका कामलाई प्राथमिकता दिएकोमा स्थानीयहरू खुसी छन् ।

मनहरी गाउँपालिका वडा नम्बर-६ लच्काबाट प्रतापपुर जाने पुल निर्माण गरिएको छ । कुल ३५ लाख रूपैयाँ लागतमा यहाँपुल निर्माण गरिएको हो । पुल निर्माण भएपछी स्थानीय वासिन्दाहरू निकै खुसी भएका छन् । पहिले पुल नहुँदा विभीन्न खालका समस्या बेहोर्नुपरेको भएपनि अहिले भने सहज भएको स्थानीय वासिन्दाहरू वताउँछन् । अब वर्षायाममा पनि सवारीका साधन पुल निर्माण भएपछी स्थानीय वासिन्दाहरूलाई सहज भएको अध्यक्ष उप्रेतीले बताए । यसैगरी वडा नम्बर ७ मै माथील्लो शिबीर र लामाटोल जानेपुल निर्माण गरिएको छ । १० लाख रूपैयाँ लागतमा पुल निर्माण गरिएको हो ।

यसैगरी मनहरी गाउँपालिका वडानम्बर-८ पीसपार्कको दाङसिंह खोल्सीमा १० मिटर लामो पुल निर्माण गरिएको छ । ७ लाख रूपैयाँ लगानीमा पुल निर्माण गरिएको हो । मनहरी गाउँपालिका वडा नम्बर-३ साझाटोलमा पनि पुल निर्माण गरिएको छ । कौगेडी जोड्ने पुल निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष उप्रेतीले जानकारी दिए ।

यसैगरी मनहरी ३ कै हाँडीखोला र भुन्द्रुङ जोड्ने पुल निर्माण गरिएको छ । २१ लाख रूपैयाँ लागतमा पुल निर्माण गरिएको हो । पुल निर्माण भएपछी यस क्षेत्रका वासिन्दाहरूलाई सहज भएको छ ।

# असिनाले आलु बाली नष्ट, किसान चिन्तित

कुमार नेगी
थाहा नगर

मकवानपुरको थाहा नगरपालिका-३ का सुरज मोक्तानले १९ रोपनीमा आलु बाली लगाएका थिए । तर, शुक्रबार साँझ लगातार दुई घण्टाभन्दा बढी समय हुरीबतास र चट्याङ्सँगै परेको असिनाका कारण सबै नष्ट गरेको छ । 'तीन लाखभन्दा बढी लगानी गरेर सो क्षेत्रफल जग्गामा आलु लगाएको थिएँ, असिनाले केही पनि बाँकी राखेन', उनले भने, 'अब आलु नष्ट भएको जमिन जोतेर अर्को बाली लगाउनुको विकल्प नै छैन ।'



अर्का किसान अरूण कार्कीको पनि फलेको तरकारी असिनाले चुटेर नष्ट गरिदिएको छ । ३ वैशाख बिहानसम्म बारी तरकारीले हरियै देखिन्थ्यो', उनले भने, '४ वैशाख बिहान हेर्दा जग्गा मात्रै देखें । विनाशकारी असिनाले सबै सोत्तर बनायो ।' हुरीबतास र चट्याङ्सँगै परेको असिनाका कारण थाहा नगरपालिकामा व्यापक मात्रामा तरकारी बाली नष्ट भएको छ । थाहा नगरपालिकाको वडा नं २, ३, ४, ५ र ७ तथा कैलाश गाउँपालिकाको वडा नं ५ मा लगाइएको आलु बाली नष्ट भएको नगरपालिकाको कृषि शाखाले जनाएको छ ।

वर्षको पहिलो नगदे बालीका रूपमा कृषकले आफ्नो सबैजसो जग्गामा आलुखेती लगाएका थिए । पहिलोपटक गोडमेल गरेर लहलह भएको आलु बालीमा असिना परेर सबै पात नष्ट भएको र मूल डाँठ मात्र बाँकी रहेको कृषकले बताएका छन् । यस क्षेत्रमा दुई हजार भन्दा बढी हेक्टर क्षेत्रफलमा लगाइएको आलु असिनाले चुटेर पूर्णरूपमा नष्ट भएको जनशक्ति कृषक सहकारीका र ाजकुमार केसीले बताउनुभयो । करोडौँ मूल्यको आलुखेती नष्ट हुँदा कृषक चिन्तित भएका छन् ।

असिनाका कारण फल्ने बेला भएको आलु मात्र होइन, आलु बालीपछि खेतीका लागि तयार हुँदै गरेको काउली, बन्दा, खुर्सानीलगायत तरकारीको स-साना बेर्ना पनि सखाप भएको छ । ठूलो परिमाणमा परेको असिनाका कारण टनेलको प्लास्टिकसमेत प्वाल परेको कृषक अरूण कार्कीले बताए । थाहा नगरपालिका-३ को घर्तीखोला क्षेत्रमा ठूलो मात्रामा परेको असिना २४ घण्टा बढिसम्म बारीमा बिलाएको थिएन ।

छानामा जमेको असिनाको भारले घर्तीखोलामा केही घर र छाप्रासमेत भत्किएको वडा सदस्य भरत स्याङ्तानले जानकारी दिए । स्थानीयवासी शिक्षक दीपक कार्कीका अनुसार सो क्षेत्रमा परेको असिना २० वर्षयताको पहिलो हो । यसअघि विसं २०५८ तिर ठूलो मात्रामा असिना पर्दा किसानले लगाएको काउली, बन्दा नष्ट भएको थियो ।

अविरल असिना र हावाहुरीका कारण थाहा नगरपालिका क्षेत्रमा हिजो दिउँसोदेखि विद्युत् आपूर्तिसमेत बन्द भएको थियो । विद्युत् आपूर्ति बन्द हुँदा नेपाल टेलिकमको नेटवर्कमा समेत समस्या आएको थियो । अहिले पनि थाहा नगरपालिका-३ घर्तीखोला क्षेत्रमा विद्युत् आपूर्ति बन्द रहेको स्थानीयवासीले बताएका छन् ।

**व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !**

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

**नेपाल सरकारको सूचना !**

**बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुनसक्छ, त्यसैले सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौ, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं ।**

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## संक्रमण नियन्त्रणमा ध्यान देऊ

पुनः फैलिन थालेको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका हिसाबले हामी अति नै संवेदनशील घडीमा छौं। छिमेकी राष्ट्र भारतलगायतका देशमा बढ्दै गएको कोरोना संक्रमणको दोस्रो लहरले हामीलाई झस्काएको छ। हामीकहाँ पनि अहिले दिनहुँ नयाँ संक्रमित थपिन थालेका छन्। चैतयता मात्रै करिब छ गुणाले संक्रमण दर बढिसकेको छ। अस्पताल भर्ना गर्नुपर्ने बिरामीको संख्या पनि उसैगरी बृद्धि भइरहेको छ। भारतमा बढ्दै गएको संक्रमण फैलिँदा ठूलो संख्यामा त्यहाँ रहेका नेपाली आफ्नो गाउँठाउँ फर्कने क्रमसँगै यसलाई सहीपमा व्यवस्थापन गर्न सकिएन भने महामारी फैलने कुरा अब नकार्न सकिँदैन। त्यसैले संक्रमण फैलन नदिन, मृत्यु संख्या बढ्न नदिन तथा संक्रमितहको आवश्यक उपचार यतिबेला सबैभन्दा महत्वपूर्ण विषाय हुन्।एकातिर कोरोनाको दोस्रो लहरको जोखिम बढ्दै गएको छ भने अर्कोतिर मास्कसमेत नलगाउने हाम्रो लापरवाही बानी देखिएकै छ। स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगर्ने हाम्रो यही बानीले कोरोना फैलिएर भयावह स्थिति नआउला पनि भन्न सकिन्न। त्यसैले यतिबेला बढेका हाम्रा सार्वजनिक गतिविधिह कोरोना निम्त्याउने कारक नबनून् भन्नेतर्फ हामी सबै सचेत बन्नुपर्छ।

घरबाहिर निस्कँदा पर्याप्त स्वास्थ्य सुरक्षा अपनाउने, आफू, आफ्नो घर परिवार र छरछिमेकलाई सचेत पार्ने काममा हामी सबैको महत्वपूर्ण भूमिका हुन्छ। यहाँ ठूलो मात्रामा कोरोना संक्रमण फैलियो भने सबैले उपचार पाउन सकिएला भनेर ढुक्क हुने अवस्था पनि छैन। हाम्रो जस्तो कमजोर स्वास्थ्य सेवा भएको देशमा यस्ता महामारी नियन्त्रणमा नागरिक सचेतताको ठूलो भूमिका हुन्छ। त्यो भूमिका निर्वाह गर्न हाम्रो तत्परता जरी छ। पछिल्लो समय २५ जनाभन्दा बढीको भेलामा रोक लगाउन स्वास्थ्य मन्त्रालयले गरेको आग्रहलाई सबैले मनन गर्नुपर्छ। सानातिना भेलामा पनि स्वास्थ्य मापदण्ड पालनालाई कसैले भुल्नु हुँदैन। यसलाई प्रभावकारी बनाउन सरकारी तहबाट अनुगमनलाई कडा बनाउनु आवश्यक छ। घरबाहिर निस्कँदा हरेकले जनस्वास्थ्यका मापदण्ड ख्याल राख्ने, अनिवार्यरूपमा मास्क लगाउने, बेला-बेलामा हात धुने वा 'स्यानिटाइजर' प्रयोग गर्ने र व्यक्तिगत दूरी कायम राख्न कसैले पनि असहज मान्नुहुँदैन। शहरबजार, भीडभाडमा जाँदा होस् या सार्वजनिक यातायात चढ्दा विशेष सतर्कता अपनाउनैपर्छ। अहिले विश्वभर जुनरूपमा पुनः संक्रमण दर बढिरहेको छ, त्यस हिसाबले यहाँको थोरै मात्राकै संख्यात्मक बृद्धिलाई पनि खतराको सूचकका रूपमा लिनुपर्छ। महामारी रोक्ने नाममा तत्काल लकडाउन या आमनागरिकको दैनिकीमा असर पर्ने गरी योजना नबनाउनु उत्तम हुन्छ। महामारी अनियन्त्रितढंगले बढ्न नदिन परीक्षण र 'कन्ट्याक्ट ट्रेसिङ' को दायरा फराकिलो बनाएर अहिलेको संक्रमणको कडी चुँडाउने प्रयासलाई प्राथमिकता दिनुपर्छ।

विदेशबाट आउनेमध्ये कोही संक्रमित रहेछन् भने उनीहरूबाट अरूलाई नफैलियोस् भनेर पनि उत्तिकै सावधानी अपनाउनुपर्छ। कोरोना कहरको दोस्रो लहर आउँदै गर्दा सरकार र नागरिक समुदाय हामी सबैको साझा प्रयत्न भयो भने मात्र यसले निम्त्याउने सक्ने खतराबाट जोगिन सकिनेछ। फेरि पनि कोरोना महामारीको जोखिम बढिरहेका बेला अझै केही समय सरकारले यसको रोकथाम तथा उपचारात्मक काममा जनताको नजिकको सरकार स्थानीय सरकारले थप जिम्मेवार भई योजनाबद्धढंगले कार्य गर्नैपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# नगरपालिकाहरूको शासकीय प्रबन्ध र क्षमतामा देखिएका चूनौतीहरु



कृष्णप्रसाद लम्साल

चालु 'नेपालको संविधान'ले प्रबन्ध गरेको राज्यको संरचना र राज्य शक्तिको बाँडफाँडमा सङ्घ, प्रदेश र स्थानीय तहहरूको अधिकारहरूको सूची विश्वका कुनै पनि मुलुकको भन्दा कम रहेको छैन । हजारौँ जनताको बलिदान, लाखौँ जनताको पसिना र हाम्रा विगतका अनुभवहरूको सारबाट निःसृत यी अधिकारहरूको उचित प्रयोग गरी राष्ट्र निर्माण र राज्य निर्माण गर्दै मुलुकको नव निर्माणमा ऐतिहासिक प्रस्थान 'डिपाचर' गर्नु आजको युगीन आवश्यकता हो ।

राज्य पुनर्संरचनाका क्रममा स्थानीय तहहरूलाई कानुनबाट हैन स्वयम् मूल कानुन संविधानबाटै शासकीय अधिकार प्रबन्ध गरिएको यो उचाइको व्यवस्था लोकतन्त्रका चर्चित मुलुकहरू हाम्रा छिमेकी मूलक भारत र संयुक्त राज्य अमेरिकामा समेत रहेको छैन । ती मूलकहरूमा संविधानबाट होइन केवल कानुनबाट स्थानीय तहहरूको व्यवस्था गरिएको छ । नेपालमा मूलतः संविधानको अनुसूची-८ मा गरिएको एकल अधिकार सूचि तथा अन्य अनुसूचीमा व्यवस्था गरिएको साझा अधिकार सूचिका आधारमा स्थानीय तह वा सरकारहरूले आफ्नो भौगोलिक क्षेत्रभित्र शासकीय प्रबन्धका कार्यहरू सम्पादन गर्दै आएका छन् । साथै ती निकायहरूले स्थानीय सर कार सञ्चालन ऐन तथा संघ र प्रदेशका अन्य ऐनहरू तथा स्वयमले निर्माण गरेका कार्यसम्पादन नियमावली र कार्य विभाजन नियमावली एवम् अन्य स्थानीय कानुन अनुसार कार्यसम्पादन गर्दै आएको पाइन्छ ।

यस लेखमा स्थानीय निकायहरू मध्ये नगरकार्यपालिकाहरूले आफ्नो कार्यसम्पादनको सिलसिलामा सामना गर्नुपरेका चुनौतीहरूको छोटो चर्चा गर्ने जमर्को गरिएको छ ।

**नगरपालिकाबारे सामान्य वोध :**

सैद्धान्तिक, तथ्यगत र व्यवहारिकरूपमा अध्ययन गर्दा वा समीक्षा गर्दा नगरपालिकाहरू भनेका मुलुकका अर्थतन्त्रका इन्जिनहरू पनि हुन् । नेपालमा पनि कूल गार्हस्थ्य उत्पादन तथा रोजगारी सृजनामा नगर तथा सहरहरूको उल्लेख योगदान रहेको कुरामा कसैको विमति रहँदैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा जनसत्त्या, भौतिक तथा सामाजिक पूर्वाधारहरूको अवस्था लगायतका निश्चित सर्त र सुविधाहरूका आधारमा नेपालमा नगर पालिका, उपमहानगरपालिका तथा महानगरपालिका गरी तीन प्रकारका नगरपालिकाहरूको घोषणा गर्न सकिने व्यवस्था गरिएको पाइन्छ ।

**नगरपालिकाहरूका हालसम्मका उपलब्धीहरु :**

स्थानीय तहको निर्वाचन पश्चात् विगतका चार वर्षमा नेपालका नगरपालिकाहरूका नगर सभा र नगर कार्यपालिकाहरूले सम्पादन गरेका शासकीय प्रबन्धहरू र तिनका उपलब्धिहरू सन्तोषजनक रहेका छन् । विभिन्न नगरपालिकाहरूका वार्षिक समीक्षा बैठकहरू, वार्षिक नीति तथा कार्यक्रमहरू, नगरपालिका क्षेत्रहरूमा देखिएका भौतिक पूर्वाधार लगायतका विकासका कार्यहरू, मानवीय विकासका कार्यहरू, नियामक निकायहरूबाट भए गरेको अवलोकन र सुपरिवेक्षण, संस्थागत क्षमताको प्रबन्धहरू तथा विविध सञ्चार माध्यम र सोसल मिडिया समेतको अध्ययन गर्दा समीक्षा अवधिका उपलब्धिहरू तुलानात्मकरूपमा प्रशंसनीय नै रहेका छन् । सन्तुलित विकास, रोजगारी सृजना, स्थानीय बजार केन्द्रहरूको विकास, सेवा प्रवाहमा देखिएको प्रभावकारिता तथा गाउँ घरमै स्थानीय सरकारको अनुभूति जस्ता सूचकहरू समेत प्रचारयोग्य रहेका छन् । विद्युतीय शासन, जनसहभागिताको मात्रा र गुणस्तरमा सुधार, जनप्रतिनिधि र कर्मचारीहरूको नेतृत्व विकास तथा अन्य सरोकारवालाहरूको क्षमता विकास भएको अनुभूति समेत गरिएको छ ।

**चूनौतीहरू :**

४ वर्षको यस समीक्षा अवधिमा नगर कार्यपपालिकाहरूले सेवा प्रवाह र विकास व्यवस्थापनको क्षेत्रमा सृजना गरेका शासकीय प्रबन्ध र विकास व्यवस्थापनको क्षेत्रमा लिएको दिशा र गतिको समीक्षा समेत गर्नु आवश्यक छ । केही नगरपालिकाहरूले अझै पनि सही दिशा समात्न सकेका छैनन् भने प्रायः सबै नगरपालिकाहरूले लिएको दिशा सही भएता पनि तिनीहरूलाई प्राप्त अधिकारको वजन र नागरिक चाहाना अनुसारको गति भने लिन सकेका छैनन् ।

माथि उपलब्धिको बुँदामा उल्लेख गरिएका विषयक्षेत्रहरूमा नगर कार्यपालिकाहरूले हासिल गर्नुपर्ने स्तरको परिमाणात्मक र गुणात्मक उपलब्धिहरू पुरा गरी नागरिक सन्तुष्टिका लागि देहाय बमोजिमका नीतिगत, संरचनागत, व्यवस्थापकीय, प्रणालीगत तथा मनोव्यवहारगत चुनौतीहरू रहेका देखिन्छन् ।

**संवैधानिक, नीतिगत तथा कानुनी चूनौती :**

स्थानीय तहहरूलाई प्रदान गरिएको एकल अधिकार सूचिमा नगरपालिका र गाउँपालिकाका लागि एकै प्रकारको अधिकारको प्रबन्ध गरिएकाले सो अनुसारको नीतिगत र कानुनी व्यवस्थाहरू मिलाउँदा समग्र सहरी शासनका क्षेत्रमा प्रभावकारिता आउन सकेको छैन । थोरै जनसंख्या, सामान्य पूर्वाधारका समस्या र आवश्यकता भएका नगरपालिकाहरू तथा ठुला ठुला मुद्दाहरूलाई संशोधन गर्नुपर्ने खालका समस्या भएका महानगरपालिका जस्ता तहहरूका लागि एकै प्रकारको संवैधानिक र कानुनी अधिकारले मौजुदा चुनौतीहरू तथा जनताको आवश्यकताको समाधान गर्न सक्दैन । त्यसैले कार्य प्रकृति, संस्थागत क्षमता, सेवाहरूको संवेदनशीलता, समन्वयको दायरा, श्रोतहरूको उपलब्धता, जनशक्तिको व्यवस्थापन, नागरिकहरूको चेतनास्तर र क्षमता आदिका आधारमा छोटो संवैधानिक व्यवस्था, पृथक् नीतिगत एवम् छुट्टै कानुनी व्यवस्था गरिनु तथा नगरपालिकाहरूका लागि बेग्ला बेग्लै नमुना कानुनको प्रबन्ध गरिनु आवश्यक छ ।

**संस्थागत क्षमता विकासका चूनौतीहरु :**

नेपालको संविधानमा प्रबन्ध गरिएका एकल अधिकार सूचिमा रहेका सबै कार्यहरूको काम, कर्तव्य र अधिकारको प्रयोगको सम्पादनका लागि नगरपालिकाहरूको संस्थागत क्षमता अपेक्षाकृतरूपमा सुदृढ भएको छैन । र म्रा भनिएका नगरपालिकाहरूमा समेत अझै पनि नगर सभा तथा कार्यपालिकाहरूमा रहनुपर्ने विभिन्न समितिहरूको गठन भएको छैन भने गठन भएता पनि तिनीहरूको सक्रियता प्रायः न्यून रहेका छन् । एकल अधिकार सूचिभित्रका कार्यक्षेत्रसँग सम्बन्धित नीति, कानुन तथा क्षेत्रगत मापदण्ड, निर्देशिकाहरूको निर्माण र कार्यान्वयन हुन सकेको छैन । नगरपालिकाहरूको सबै नीति, कानुन र निर्णयहरूलाई समावेश गरी सार्वजनिक गरिनुपर्ने वेभसाईटलाई अद्यावधिक गर्ने कार्य भएको छैन ।

सुस्पष्ट तथा एकीकृत कार्यसम्पादन कार्यविधि 'स्टान्डर्ड अपरेटिङ प्रोसेड्युयर 'को निर्माण गरी स्थानीय सेवा प्रवाह र विकास व्यवस्थापनमा सहजता ल्याउनु आवश्यक देखिन्छ । संवैधानिक,विविध कानुनी विषय तथा अन्य कार्यसम्पादनका क्षेत्रमा स्थानीय जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता,सीप, सकारात्मक तथा सहकार्यात्मक मनोविज्ञान विकास गर्नुपर्ने आवश्यकता रहेको छ ।

**प्रशासकीय नेतृत्व तथा जनशक्तिको व्यवस्थापनमा देखिएको समस्या :**

नगर सभा तथा नगर कार्यपालिकाबाट पारित भएका ऐन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि क्षमतावान्, उत्साहित, सकारात्मक सोच भएका तथा अनुभवी प्रशासकीय नेतृत्व र कर्मचारीहरूको आवश्यकता पर्दछ । सम्बन्धित नगरपालिकाको सम्भावना र समस्याहरूलाई गहिरो गरी बुझ्ने सूचना र क्षमता रहेको, स्थानीय सरोकारवालाहरू तथा नागरिक समुदायसँग निकटको सम्बन्ध राखी सहकार्य गर्ने रूचि र शैली भएको प्रशासकीय नेतृत्व आवश्यक छ । नगर पालिकाका हर चुनौतीहरूलाई जागिरे मनस्थितिकोरूपमा हैन आफ्नै चूनौतीकोरूपमा ग्रहण गरी मन र आत्मबाटै अहोरात्र खट्ने प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखा प्रमुखहरूको पहिचान र खोजी गरी जिम्मेवारी प्रदान गर्नु आवश्यक

बाँकी पेज ३ मा

# नगरपालिकाहरूको शासकीय प्रबन्ध ....

देखिन्छ । मातहतका कर्मचारीहरूलाई कुशल नेतृत्व गरी नतिजामा आधारित व्यवस्थापन प्रणालीको विकास गर्ने र लागु गर्ने प्रशासकीय नेतृत्वलाई कार्यसम्पादन सम्झौता गरी प्रोत्साहन गर्ने प्रणालीको विकास गर्नु आवश्यक छ । प्रमुख प्रशासकीय अधिकृतहरूलाई सबै विषयगत महाशाखाका प्रमुख र शाखा प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गरी उनीहरूलाई प्रोत्साहन र जिम्मेवारी हेरफेर गर्ने अधिकार प्रदान गरिनु आवश्यक छ ।

संवेदनशील समयको ख्याल समेत नगरी छिनछिनमा प्रशासकीय नेतृत्व परिवर्तन गरिरहने वा भई रहने र लामो समय सम्म पदपूर्ति नगर्ने हालको परिपाटिमा गम्भीर समीक्षा गर्नु आवश्यक देखिन्छ । राजनैतिक आस्था र नेतृत्वलाई व्यक्तिगतरूपमा रिझाउने क्षमता भएका भन्दा नागरिकहरूको दृष्टिमा समेत नैतिकताको परीक्षामा विगतमा खरो उत्रिएका, प्रशासकीय व्यावसायिकतामा विश्वास गरी नागरिकहरूको सेवामा दत्तचित्त हुने तथा सन्तुलित कार्यसम्पादन गर्ने कर्मचारीहरूको व्यवस्थापन भएमा मात्र नगर सभा र नगरकार्यपालिकाले तयार गरेको तथा नागरिकले अपेक्षा गरेको नतिजा प्राप्त हुने देखिन्छ ।

**सेवा प्रवाहमा देखिएका चुनौती तथा समस्याहरू:**

नगर कार्यपालिकाहरूको प्रमुख कार्यहरू मध्ये आफ्ना नागरिक तथा सेवाग्राहीहरूको आधारभूत सेवाको प्रवाह गर्नु पनि हो । अझै पनि नगरपालिकाका कामहरू केन्द्रीय कार्यालयहरूबाट मात्र सम्पादन हुनु, वडाहरूमा जनशक्तिको अभाव रहनु, वैकल्पिक जनशक्तिको व्यवस्था नगरिनु, प्रविधिको सदुपयोग नहुनु, कर बाहेक अतिरिक्त मूल्य तिर्नुपर्ने हुनु, समयमा सेवा प्राप्त नगर्नु, भनसुन कायमै रहनु जस्ता समस्याले पहुँच र दबाब दिन नसक्ने आवाज विहीन नागरिकहरूलाई असल नगर सरकारको अनुभूति दिलाउनुपर्ने चुनौती कायमै छ । थप नीतिगत र कानुनी प्रबन्ध, अधिकार प्रत्यायोजन तथा संस्थागत क्षमता विकासका व्यवस्थाहरू गरी उल्लिखित समस्याको समाधान गर्नुपर्ने चुनौती रहेको छ ।

**विकास व्यवस्थापनमा देखिएका समस्याहरू:**

नगरपालिकाहरूमा विकास आयोजनाहरूको सही पहिचान नहुनु, योजना छनौटमा दलीय नेतृत्व र टाठावाठाहरूको बोलाबाला कायमै रहनु, आयोजनाहरू अधुरै रहनु, कनिके योजनाहरूको सङ्ख्या बढी देखिनु, डिपिआर र सम्भाव्यता अध्ययन हचुवाका भरमा गरिनु, समितिहरू सक्रिय नहुनु, निश्चित कार्य योजना बनाइ योजनाको कार्यान्वयन नगरिनु, उपभोक्ता समितिहरूले जुटाउने लागत सहभागिता कागजमा धेरै तर व्यवहारमा कम हुनु, प्राविधिकहरूलाई दबाब दिनु, निर्माण व्यवसायीले गुणस्तरीय काम नगर्नु आदि जस्ता व्यवहारिक समस्या देखिएका छन् ।

कामै सुरू नहुँदै उजुरी पर्नु, अनुगमन न्यून हुनु, समन्वय नहुनु, श्रोतको व्यवस्था नभईकन योजना सुरू गर्नु र पछि बजेटका लागि दबाब दिनु, राजनैतिक आस्थाका आधारमा बजेट विनियोजन गर्नु र फरफारक गर्नु, मिलेमतोमा ठेक्का हाल्नु नभए ज्यादै न्यून रकममा बोलपत्र पेस गर्नु जस्ता समस्या देखिएका छन् । प्राविधिक जनशक्तिको सङ्ख्या कम हुनु, नागरिकहरूको अनावश्यक, अनुचित तथा असम्भव माग पेस हुनु जस्ता समस्या रहेका छन् । यसरी समग्र विकास व्यवस्थापन चक्रमै समस्या रहेका छन् ।

**सरोकारवालाहरूको समन्वयमा देखिएका चूनौतीहरू :**

नेपालको संविधानले मुलुकको राज्य शक्तिको प्रयोगका लागि व्यवस्था गरेका तीन तहका सरकारहरूको अन्तर सम्बन्ध सहकारिता, सहअस्तित्व तथा समन्वयमा आधारित गरी नेपालमा सह शासनको अवधारणालाई समेत प्रवर्द्धन गर्ने संवैधानिक व्यवस्था मिलाएको छ । त्यति मात्र होइन आर्थिक, सामाजिक विकासका लागि सरकारहरूदेखि बाहिरका जिम्मेवार र सहयोगी निजी क्षेत्र, सहकारी, गैसस, सञ्चार माध्यमहरू तथा सामुदायिक संगठनहरूसँगको सहकार्य र समन्वयलाई समेत जोड दिएको पाइन्छ ।

चालु स्थानीय सरकार सञ्चालन ऐन तथा हालै जारी भएको सङ्घ, प्रदेश र स्थानीय तह समन्वय र अन्तरसम्बन्ध ऐन,२०७७ ले तीन तहका सरकारहरू बिचको अन्तरसम्बन्ध, समन्वय र सहकार्य, नीतिगत सामान्जस्यता तथा एकल र साझा अधिकारहरूको कार्यान्वयन जस्ता विषय क्षेत्रमा गरेको थप तथा सु स्पष्ट व्यवस्थालाई नगरपालिकाहरूले आफ्ना कानुन, नीति निर्माण र विकास व्यवस्थापनका क्षेत्रमा मार्गदर्शनकोरूपमा लिई अगाडि बढ्नुपर्ने अवस्था रहेको छ । राष्ट्रिय योजना आयोगले तयार गरेको योजना तर्जुमा मार्गदर्शनले समेत सहकार्य र साझेदारीमा जोड दिएको पाइन्छ ।

अन्तर्राष्ट्रियता समेत प्रतिबद्धता व्यक्त गरिएको दिगो विकास लक्ष्य समेतको प्राप्ति समेत हुने गरी नगर पालिकाका आवधिक तथा दीर्घकालिन प्रकृतिका योजनाहरू, कर दस्तुरका विषयहरू, भू-उपयोग र भवन निर्माण आचारसंहिता लगायतका विषयमा निर्वाचित जनप्रतिनिधिहरूवाट मात्र निर्णय नगरी सबै स्थानीय राजनैतिक दलका प्रतिनिधि तथा सरोकारवालाहरूका बिचमा छलफल र परामर्श लिनु आवश्यक देखिन्छ । आफूसँग निर्वाचनको प्रक्रियामा पराजित भएका उम्मेदावारहरूलाई समेत 'रेस्पोन्स' गरी उनीहरूसँगको निरन्तरको संवादले सहकार्य र सद्भावमा बढोत्तरी देखा पर्दछ । माथिका मान्यता र अभ्यासहरूलाई हाम्रा नगरपालिकाका सभा तथा कार्यपालिकाहरूले अझै गहिरो गरी बुझ्ने र अन्तर तह समन्वय गर्ने तथा सबैसँगको साझेदारीका कार्यमा प्रभावकारिता ल्याउनु पर्ने चुनौती देखा परेको छ ।

**नैतिकता प्रवर्द्धनमा देखिएका समस्याहरू :**

शासकीय प्रबन्धका लागि गरिएका तमाम प्रबन्ध र सुधारहरूको सफलताको मुख्य आधार सुशासन हो भन्ने मान्यता विश्वभर स्थापित भएको छ । नगर कार्यपालिकाहरू भनेका सेवा प्रवाह र विकास व्यवस्थापनका बलिया संरचना मात्र होइनन् तिनीहरू त सभ्यता र संस्कारको प्रवाह गर्ने समुन्नत इकाईहरू समेत हुन् । नेपालका नगर सरकारहरूले नागरिक जबाफदेहीताका आधुनिक ओजारहरूको माध्यमबाट आफ्ना कार्यसम्पादनको दिशा, गति र स्तरको लेखाजोखा गर्नुपर्ने स्थिति रहेको छ ।

नेपाल सरकारले तयार गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार निर्धारण गरिएका स्वमूल्याङ्कनका विषय क्षेत्र र तिनका मापनका सूचकहरूको व्यवस्थाले शासकीय प्रबन्ध लगायतका क्षेत्रमा आ- आफ्नो स्वमूल्याङ्कन गर्न सकिने सु स्पष्ट मार्गदर्शन प्रदान गरेको देखिन्छ । त्यसै गरी नगर सरकारहरूले आवधिक समीक्षा, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सूचनाको हक र सुशासन ऐन नियममा रहेका उत्तरदायित्व तथा पारदर्शिताका व्यवस्थाहरूको पालना गर्ने कार्यमा अझै तदारूकता र क्षमता प्रकट गर्न सकेका छैनन् ।

आन्तरिक नियन्त्रण पद्धति कमजोर रहेको छ भने नागरिक अनुगमन तथा महत्त्वपूर्ण नीतिहरूमा सरोकारवालाहरूको सहभागिताको स्तर कमजोर रहेको छ । फजुल खर्च गर्ने र अनावश्यक कर्मचारीहरू करारमा राखी संस्थालाई बोझिलो बनाउने कार्य भएको देखिन्छ । अयोग्य र खराब कर्मचारी सङ्गठनमा भित्र्याउनु भनेको टाउको विनाको काँटी जस्तो हो जो ठोक्न सजिलो हुन्छ तर झिक्न ग्राह्रो हुन्छ (प्रशासनविद् तथा लोक सेवा आयोगका निवर्तमान अध्यक्ष उमेश मैनाली) भन्ने अनुभवलाई सिक्न नगरकार्यपालिकाहरूलाई आवश्यक छ । जनप्रतिनिधि र कर्मचारीहरूले आफ्नो कार्यसम्पादनका लागि चाहिने आवश्यकताको श्रोतको माग भन्दा अधिक लोभ गर्दा अधिकांश नगर कार्यपालिकाका सचिवालयको दैनिक वित्तीय व्यवस्थापनमा चुनौती देखा परेको छ ।

नगरपालिकाका तीन वटा काम: बैठक, भत्ता, चियापान भन्ने आम आरोपलाई खारेज गरी करदाताहरूको सम्मानका लागि वित्तीय सुशासनमा बढोत्तरी गर्नु महत्त्वपूर्ण चुनौती रहेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका निगरानी निकायहरूले समय समयमा दिएको सुझावको पालना तथा अनुसन्धानका लागि माग गरेका विवरणहरू समयमै उपलब्ध गराउने अभ्यासको पालना गर्नु आवश्यक छ ।

**सन्तुलित विकासमा देखिएका चूनौतीहरू :**

अधिकांश नगरकार्यपालिकाहरूले विकास व्यवस्थापन र सेवा प्रवाहका लागि श्रोतको विनियोजन सुव्यवस्थित र वैज्ञानिक बनाउन सकेका छैनन् । नेपालका अधिकांश नगरपालिकाहरूको वस्तुस्थिति अध्ययन गर्दा मुख्य सहरी क्षेत्र, अर्ध सहरी क्षेत्र र ग्रामीण क्षेत्र रहेका छन् । तिनीहरूकाबीचमा भूगोल, जनसंख्या र विभिन्न समुदायका आर्थिक सामाजिक विकासको अवस्था आदिका आधारमा क्षेत्रगत सन्तुलन ल्याउने र समतामूलक विकासका लागि नीतिगत, कार्यक्रमगत तथा बजेट विनियोजनलाई सूत्रमा आधारित बनाएर योजना कार्यान्वयन गर्नु पर्नेमा सबै वडालाई बराबरी दिने गरी विनियोजन गर्ने सजिलो उपायको खोजी गरेको देखिन्छ ।

मुख्य सहरी क्षेत्रमा, अर्ध सहरी क्षेत्रमा तथा ग्रामीण क्षेत्रका लागि बेग्ला वेग्ले लागत सहभागिताका नीतिको अवलम्बन गर्नु पर्ने देखिन्छ । अर्को तर्फ डर लाग्दोरूपमा देखा पर्दै आएको सहरी गरिबिको चित्रलाई मध्यनजर गरी तीनै तहका सरकार तथा सरोकारावालाहरू बीच सहकार्य र समन्वयका आधारमा विशेष तथा एकीकृत रणनीति तर्जुमा गरी नगरका विपन्न र जोखिममा रहेका वर्ग, समुदाय र व्यक्तिहरूको आर्थिक, सामाजिक स्तरमा सुधार ल्याउनु आजको थप चुनौती बनेको छ ।

**अनुभव जन्य समस्याहरू :**

संविधानले गरेको नयाँ शासकीय प्रबन्धको व्यवस्था र नगरपालिकाहरूलाई प्रदान गरेका एकल अधिकार सूचिहरू तथा साझा अधिकार सूचिहरूको कार्यान्वयनको पूर्णता समीक्षा अवधि वा चार वर्षभित्रै हुनुपर्छ भनेर तर्क र दलिल पेस गर्नु नगर सभा र नगरकार्यपालिकाप्रति उचित न्याय हुन सक्दैन । हरेक निकायहरू भनेका लर्लिङ संस्थाहरू पनि हुन् । यी चार वर्षका अवधिमा शून्यबाट काम सुरू गरी विभिन्न ऐन निर्माण, आवधिक योजना तथा क्षेत्रगत र र णनीतिक योजनाहरूको निर्माण, सचिवालय र कर्मचारीहरूको प्रबन्ध, अन्तर तह समन्वयका विषय, क्षमता विकास, वार्षिक योजना तर्जुमा र त्यसको कार्यान्वयन, विभिन्न कार्यविधिहरूको निर्माण र तथा नागरिकहरूसँगका हरेक संवादहरूको व्यवस्थापनमा नगर कार्यपालिकाहरूले वृहत् सिकाई हासिल गरेका छन् ।

साबिकमा नगरपालिकाको सचिवालय जस्ता आधारभूत संरचना र जनशक्ति भएका नगरपालिकाहरूको लागि तुलानात्मकरूपमा काम गर्न सजिलो भएता पनि नवगठित नगरपालिकाका कार्यपालिकाका लागि भने विशाल चुनौती देखा परेको थियो । नेपाल सरकारले कर्मचारी समायोजन ऐनका माध्यमबाट कर्मचारीहरूको व्यवस्थापनमा सघाउ पूर्याएको र रिक्त पदहरूमा लोक सेवा आयोगबाट पदपूर्तिका लागि सिफारिस गरिए वाट नगरकार्यपालिकाहरूले सन्तोषको श्वास फेरेका थिए ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तर्जुमा गरेका नमुना कानुनहरू, विभिन्न निकायले गरेका क्षमता विकासका कार्यहरू तथा सूचना व्यवस्थापन लगायतका क्षेत्रमा विकसित गरिएका कार्यप्रणालीहरूले कार्यसम्पादनमा सहजता प्रदान गरेको देखिन्छ ।

**निश्कर्ष :**

नेपालमा नयाँ संविधान जारी भएपछि सङ्घीयताको कार्यान्वयनका दौडानमा पहिलो पटक निर्वाचित भएका नगर कार्यपालिकाका प्रमुख लगायत सबै सदस्यहरूको लागि यो कार्यकाल नेपालको नवीन राजनैतिक प्रणालीको मूल्याङ्कन गरिने कार्यकाल मात्र होइन निर्वाचित जनप्रतिनिधिहरूको राजनैतिक जीवन तथा स्वमूल्याङ्कनको ऐतिहासिक कालखण्डकोरूपमा सदा स्मरणीय रहनेछ । नगर कार्यपालिकाको तर्फबाट आफ्नो नगरपालिकाको आधारभूत जग बसाल्ने सुअवसर प्राप्त भएको यस समयको बाँकी अवधिलाई पनि अझ फलदायी बनाइ नगरवासीहरूको भाग्य र भविष्यमा सकारात्मक दिशा र गति प्रदान गर्न सकिने अवस्था रहेको छ । धेरै जसो जनप्रतिनिधिहरूले अबको एक वर्षमा के पो गर्न सकिएला र ? भन्ने सोच राखी तर्क र बहस गरेको देखिन्छ ।

***मेरो विचारमा यो वर्ष झन् ठुलो "टर्निङ पोइन्ट'को वर्ष हुन सक्दछ ।***

निर्वाचित जनप्रतिनिधिहरू पदमा बहाल रहुन्जेल सबै जनताको प्रतिनिधिकोरूपमा आफूलाई परिचय दिने गरी कार्यसम्पादन गर्ने थप अवसर आएको छ । राजनीति आग्रह र पूर्वाग्रहदेखि माथि उठेर चार वर्षका अनुभवका आधारमा सबै राजनीतिक दल, विकासका सरोकारवालाहरू, निजी क्षेत्र, सहकारी , सामुदायिक सङ्गठनहरूसँग हातेमालो गरी सहमतिका आधारमा वहुवर्षीय योजनाहरूको निर्माण , वार्षिक नीति र बजेट तर्जुमा गरिएमा त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्दछ । तीनै तहका सरकारका प्रतिनिधि तथा निकायहरूबिच आफ्नो नगरको विकासका लागि प्राथमिकता र विवेकशीलताका आधारमा वार्षिक योजना तर्जुमा, बजेट विनियोजन तथा कार्यान्वयन मोडालिटिको पहिचान र विकास गर्न सकिन्छ । विकासको कुनै 'डेस्टिनेशन' हुँदैन यो त यात्रा 'जर्नि' हो भन्ने अवधारणालाई आत्मसात गरिएमा बुझाइमा एकरूपता देखा पर्दछ ।

यो अन्तिम वर्षमा प्रशासकीय नेतृत्व तथा कर्मचारीहरूले अझ सुझवुझ र विवेक पुऱ्याई हालका जनप्रतिनिधिहरूको कार्यकाललाई 'सम्झनायोग्य' बनाउन र 'सेफ ल्यान्डिङ' का लागि मद्दत पूर्याउनुपर्दछ । आगामी बजेट चूनावी बजेट भएकाले पपुलिष्ट वजेटको माग हुन सक्दछ, घाटा वजेटको तयारीका लागि दवाव हुन सक्दछ । नगरको दीर्घकालिन हितलाई हेरी बजेट निर्माणका लागि व्यवस्थापकीय सहयोग पुऱ्याइ वर्तमान पदाधिकारीले जनताप्रति गरेको प्रतिवद्दतालाई पुरा गर्न मद्दत पुऱ्याउने मात्र होइन आगामी जनप्रतिनिधिहरूले कर्मचारीहरूलाई विश्वास गर्न सक्ने आधार समेत तयार गरी आफ्ना सोच र व्यवहारलाई सन्तुलित बनाई राख्नुपर्ने चुनौती देखापरेको छ ।

*(लेखक, नेपाल सरकारका सहसचिव हुन्) - इमेल प्राप्त*

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।
www.thahatimes.com

**थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर**

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# पत्रकार महासंघ प्रदेश समितिको पदाधिकारीहरुको पदस्थापन




◆ विकास संवाददाता

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको नवनिर्वाचित पदाधिकारीहरूको पदस्थापन भएको छ। पत्रकार महासंघ बागमती प्रदेश समितिले आयोजना गरेको कार्यक्रममा प्रदेश समितिको अध्यक्षमा निर्वाचित शिव देवकोटा लगायत अन्य पदाधिकारीहरूले सपथ ग्रहण गरेका थिए।

अध्यक्ष शिव देवकोटा र महासचिव कृष्ण सारू मगरले आफ्नो पदभार पनि ग्रहण गरेका छन्। यसैगरी प्रदेश समितिको पहिलो बैठक हेटौंडामा बसेको छ। देश संघीयतामा गएपछि बागमती प्रदेश पत्रकार महासंघको दोस्रो कार्यकालको अध्यक्षको रूपमा शिव देवकोटा निर्वाचित भएर आएका हुन्। उनले आफ्नो कार्यकालमा सातै प्रदेशको भन्दा नमूना कार्य गर्ने प्रतिबद्धता जनाए। अध्यक्ष देवकोटाले प्रदेशमा संचार ग्राम, स्थानीय तहको विज्ञापन स्थानीय मिडियालाई समानुपातिक ढंगले वितरण गर्ने जस्ता कार्यहरूको सुरुवात गर्ने बताए।

यसअघिका अध्यक्ष प्रताप विष्टले बामगती प्रदेशले सबै जिल्लाका पत्रकाहरूको लागि काम गर्ने जग बसालेको बताए। उनले बागमती प्रदेशका पत्रकारहरूको लागि पेन्सन कोष, उपचार कोष लगातयका कार्यान्वयन हुन नसकेका जिम्मेवारी समेत हस्तान्तरण भएको जनाए।

# भूमि समस्या समाधन आयोगको औचित्य, लालपुर्जा वितरण- मुख्य मन्त्री पौडेल

◆ विकास संवाददाता



बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले भूमिहिनलाई लालपूर्जा दिएपछी मात्र भूमि सम्वन्धी समस्या समाधान आयोगको औचित्य रहने बताएका छन्। उनले प्रदेशका सुकुम्वासीहरूका समस्या समाधान गर्न आफुहरू लाग्ने बताएका हुन्।

बागमती प्रदेशको भूमि सम्वन्धी समस्या समाधान आयोगका पदाधिकारी, सदस्य सचिबहरूसंग सुकुम्वासीका समस्या, चुनौती र समाधानको बारेमा आज हेटौंडामा आयोजित अन्तरक्रिया कार्यक्रमको उद्घाटन् गर्दै उनले यस्तो बताएका हुन्। धेरै काममा प्रदेश सरकारले पनि सघाउने बताउँदै उनले भने-'चालु आर्थिक वर्ष सम्म दुख गरेर भएपनि काम गरौं पछी सबैखालका समस्या बजेटपछी समाधान हुने छ।'

जिल्लाका आयोगका समस्या एकत्रित गरेर समाधान गर्नका लागि आफु प्रधानमन्त्रीकहाँ जाने समेत उनले बताए। समृद्ध नेपाल सुखी नेपालीको सपना साकार पार्न पनि आयोगले काम गरेर देखाउनुपर्ने बताउँदै उनले भने-'प्रदेशका एक सय १९ वटै स्थानीय सरकारले भूमि सम्वन्धी समस्या समाधान गर्न लागौं। दुख र कठिनाई हुँदा पनि काम भने गर्नै पर्छ। सबैजना दुख गरेर नै यो अवस्थामा आइपुगेका हौं यही अनुसार काम गरेर देखाउनुपर्छ।'

प्रदेश सरकार स्थापना हुँदा पहिले सुकुम्वासी समस्या समाधान आयोगको जस्तै हालत रहेको स्मरण गराउँदै उनले धेरै खालका समस्यालाई पन्छाएर अहिलेको अवस्थामा काम गर्न लागिएको बताए। कार्यक्रममा प्रदेशको भूमि व्यावस्था कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामाले यस प्रदेशमा सुकुम्वासीहरूका धेरै खालका समस्या छ यो समस्या समाधान गर्न सबै लाग्न आग्रह गरे।

बर्षौंदेखिको भूमिहिनको समस्या समाधान गर्नैपर्ने उनको भनाइ थियो। कार्यक्रममा मन्त्रालयका सचिब मतिना बैद्य जोशीले सुकुम्वासीको समस्या समाधान गर्नका लागि आयोगका पदाधिकारी मात्र होइनकी सिङ्गो मन्त्रालयनै साथमा रहेको बताइन् हरेक खालका समस्या समाधान गर्नका लागि मन्त्रालय लागिपरेको उनले बताइन्। सुकुम्वासीको समस्या राष्ट्रिय समस्या भएकाले यसमा सबै लाग्नुपर्ने बताए। विभीन्न जिल्लाका फरक फरक समस्या भएकाले यसलाई हेरेर लागिने बताइन्।

# बागमती प्रदेशको सातौं अधिवेशन बैठकको अन्त्य घोषणा



◆ विकास संवाददाता

बागमती प्रदेशसभाको सातौं अधिवेशन मंगलबार वैशाख ७ गते राति १२ बजेदेखि हुने भएको छ।

प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाईंले नेपालको संविधानको धारा १८३ को उपधारा २ को अधिकार प्रयोग गरी वाग्मती मन्त्रिपरिषद्को सिफारिस भई आएअनुसार प्रदेशसभाको अधिवेशन अन्त्य गरेका हुन्। मुख्यमन्त्री डोरमणि पौडेलको अध्यक्षतामा मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले चालू प्रदेशसभाको बैठक अन्त्य गर्न सिफारिस गरी आएअनुसार प्रदेश प्रमुखले प्रदेशसभा बैठक आजै अन्त्य गरेको प्रदेश प्रमुख सचिवालयका कानून अधिकृत राजेशकुमार तामाङले जानकारी दिए।

प्रदेशसभाको चालू बैठक गत वैशाख २ गते सञ्चालन भई अर्को सूचना जारी नभएसम्मका लागि भनी स्थगित गरिएको प्रदेशसभा सचिवालयका प्रमुख सचिव कृष्णहरि खड्काले बताएका छन्।

# बागमती प्रदेशमा एमाले संसदीय बोर्ड

◆ विकास संवाददाता

बागमती प्रदेशमा सत्तारूढ एमालेले १५ सदस्यीय संसदीय प्रदेश बोर्ड गठन गरेको छ। प्रदेशसभास्थित एमाले संसदीय दलको कार्यालयमा शुक्रबार बसेको बैठकले गठन गरेको हो।

मुख्यमन्त्री तथा संसदीय दलका नेता डोरमणि पौडेलको अध्यक्षतामा बसेको बैठकबाट गठित बोर्डमा एमाले संसदीय दलका नेता पौडेल, प्रमुख सचेतक केशवराज पाण्डे, प्रदेशसभा सदस्य अष्टलक्ष्मी शाक्य, राजेन्द्र पाण्डे, अरूण नेपाल, शान्ति थिङ, उर्मिला कर्माचार्य, शशिजंग थापा र सरस्वती बाटी छन्।

बोर्डमा दलका उपनेता र सचेतक पदेन सदस्य रहने प्रमुख सचेतक केशवराजले बताए। संसदीय दलको बैठकले संसदीय दलको संशोधित विधानलाई पारितसमेत गरेको छरू। 'एमालेको आफ्नै संसदीय दलको विधान थिएन। हामी नेकपाको विधानअनुसार अगाडि बढिरहेका थियौं। पार्टी विभाजन भएपश्चात् आफ्नो विधान बनाएका हौं,' पाण्डेले भने।

# हेटौंडा अस्पतालमा क्यान्सर रोग पत्ता लगाउने परीक्षण शुरु

◆ विकास संवाददाता

हेटौंडा अस्पतालमा पहिलोपटक क्यान्सर रोग पत्ता लगाउनका लागि परीक्षण सेवा शुरूआत गरिएको छ। शरीरका विभिन्न भागमा क्यान्सर छ कि छैन भनेर पत्ता लगाउनका लागि परीक्षण शुरू गरिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट डा प्रवीण श्रेष्ठले जानकारी दिए।

अस्पतालमा ल्याब्रोटोरी मेसिनका माध्यमले क्यान्सर पत्ता लगाउन शुरू गरिएको हो। रगतका माध्यमले गरिने यो परीक्षणबाट महिलाको पाठेघर, अण्डकोष र पुरूषको प्रोस्टेड परीक्षणका लागि काम शुरू गरिएको उनले बताए। रगतका माध्यमले पत्ता लगाइने क्यान्सर जचाउन आउने सेवाग्राहीलाई अस्पतालले सस्तोदरमा सेवा दिएको उनले बताए। सरकारी अस्पताल बाहिर परीक्षण गर्दा तेब्बर मूल्य तिर्नुपर्ने बाध्यता भोग्दै आएका सेवाग्राहीका लागि यो सेवा प्रभावकारी हुने उनले जानकारी दिए।

यसैगरी शरीरको हड्डी कमजोर भएकालाई भिटामिन डी र शरीरमा भिटामिनको मात्रा पुग्छ कि पुग्दैन भनेर गरिने डी १२ को परीक्षण पनि शुरू गरिएको छ। हेटौंडा अस्पतालमा एकपछि अर्को सेवा थपिँदै जानाले मकवानपुर सहित छिमेकी चितवन र बारा जिल्लवासीका लागि सामान्य बिरामी हुँदा पनि भरतपुर र काठमाडौं जानुपर्ने बाध्यता हटेको छ।

अस्पतालमा बालरोग विशेषज्ञ, सर्जरी विशेषज्ञ, हड्डी रोग विशेषज्ञ, महिला रोग विशेषज्ञ, क्यान्सर रोग विशेषज्ञ, फिजियोलोजिष्टलगायतका विविध रोगका विज्ञ चिकित्सक रहेका छन्। सरकारी मान्यताअनुसार ५० शय्याको यस हेटौंडा अस्पतालमा हाल उचित व्यवस्थापनसहित १२० शय्या सञ्चालनमा रहेको छ। अस्पतालमा मकवापनुर जिल्लासहित बारा, पर्सा र चितवन जिल्लावासीले समेत नियमितरूपमा सेवा लिँदै आएका छन्। बिरामीको नियमित उपचारबाहेक हेटौंडा अस्पताललले विभिन्न जटिल प्रकृतिका नाक, कान, घाँटी, हड्डी, पत्थर, आन्द्रा, पाठेघरलगायतका उचित शल्यक्रिया समेत यस अस्पतालबाट सेवा प्रभाव गर्ने गरिन्छ।



# चित्लाङ घुम्न आउने पर्यटकको संख्या बढ्यो



◆ विकास संवाददाता

कोरोनाले थला परेको मकवानपुरको चित्लाङस्थित रिसोर्ट र होमस्टेहरू लयमा फर्किन थालेका छन् । पछिल्लो समय आन्तरिक एवं बाह्य पर्यटकहरू आउन थालेका हुन् । नयाँ वर्षका कारण पनि पर्यटकको आगमन थामिनसक्नु छ । चित्लाङ रिसोर्टका सञ्चालक देवेन्द्र नेपालले एक सातादेखि आन्तरिक एवं बाह्य पर्यटक बढेको बताए । 'केही दिनदेखि यहाँका रिसोर्ट र होमस्टे पर्यटकले भरिभराउ छन्,' उनले भने । कोरोना संक्रमणमा कमी आउनेबित्तिकै चित्लाङको होमस्टे र रिसोर्टमा आन्तरिक एवं बाह्य पर्यटकहरू आउन थालेका थिए ।

चित्लाङमा मुख्य गरी काठमाडौंबाट पर्यटकहरू आउने गर्छन् । 'त्यसो त हेटौंडा, वीरगन्ज, चितवनबाट पनि पर्यटकहरू यहाँ आउँछन्,' गुर्जुधारा होमस्टेका सञ्चालक बुद्धरत्न मानन्धरले भने, 'जति गर्मी बढ्दै जान्छ, त्यति यहाँ पर्यटकहरू आनन्द लिन आउँछन् ।' यस क्षेत्रमा खासै गर्मी हुँदैन ।

चित्लाङका होमस्टे र रिसोर्टमा बस्न काठमाडौंबाट थानकोट–चन्द्रागिरि हुँदै हिँडेर, स-साना सवारीसाधनमा र केबलकारमा आउने गर्छन् । थानकोट-चन्द्रागिरि-चित्लाङ सडक राम्रो भएपछि पर्यटकको चाप झनै बढ्ने अपेक्षा गरिएको छ । उक्त सडक स्तरीकरण गर्न लामो समयदेखि स्थानीय खटिरहेका छन् ।

पर्यटन बोर्डले पाँच वर्षअघि चित्लाङलाई पर्यटकीय गाउँ घोषणा गरेको थियो । विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिको संगम रहेको चित्लाङमा अशोक सम्राटले निर्माण गरेको अशोक चैत्य छ । चैत्यको अवलोकन गर्न चीन, तिब्बतलगायत विभिन्न मुलुकका बौद्धमार्गीहरू आउने गरेका छन् । थानकोटबाट १२ किलोमिटरको दूरीमा रहेको चित्लाङ अहिले उपत्यकाका बासिन्दाका लागि पर्यटकीय गन्तव्य स्थल बन्दै गएको छ । 'अब चित्लाङमा पर्यटकहरू आउने सिजन सुरू भयो,' होमस्टेका सञ्चालक एवं स्थानीय समाजसेवीसमेत रहेका मानन्धरले भने, 'जति गर्मी बढ्दै जान्छ, त्यतिकै अनुपातमा चित्लाङमा राहतका निम्ति पर्यटकहरू आउने गर्छन् ।' चित्लाङमा विशेषगरी फागुनदेखि पर्यटक आउन थाल्छन् ।

आन्तरिक एवं बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यले १० वर्षअघि चित्लाङमा होमस्टे सञ्चालनमा ल्याइएको होरू। सरकारले सन् २०११ लाई पर्यटक वर्षका रूपमा मनाइरहँदा उक्त क्षेत्रका बासिन्दाले होमस्टे सुरू गरेका थिए । विशेषगरी नेवार समुदायको बसोबास रहेको चित्लाङमा अहिले २५ वटा होमस्टे र ५ वटा रिसोर्ट छन् ।

# जन्मदिनमा ढकालले गरे स्वास्थ्य केन्द्रलाई सामाग्री सहयोग




◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर २ का अच्युतम प्रसाद ढकालले आफ्नो जनदिनको अवसरमा पालुङ प्राथमिक सवास्थ्य केनद्रलाई सहयोग गरेका छन् । स्थानीय समाजसेवी ढकालले आफ्नो ५३ औं जन्मोत्सवको अवसरमा स्वास्थ्य केन्द्रलाई पिउने पानी छान्ने फिल्टरसहितको सामाग्री सहयोग दिएका हुन् ।

यहि २ वैशाखमा परेको जन्मदिनको अवसरमा उनले स्वास्थ्य केन्द्रमा भएको एक समारोहमा प्रमुख लवशेर विष्टलाई उक्त सामाग्री हस्तान्तरण गरेका हुन् । पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका संरक्षक समेत रहेका लवशेर विष्टको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ढकालकी माताको विशेष आतिथ्यता र हेको थियो भने स्थानीय समाजसेवी जीवन बस्नेत, कल्पना बलामी, केदार विडारी लगायतको आतिथ्यता रहेको थियो ।

पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका निमित्त प्रमुख डाक्टर रिकेश कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा नगर प्रमुख विष्टले ढकालको सहयोगप्रति आभार व्यक्त गरे । उनले भने-'हरेक व्यक्तिको जन्मदिन आउँछ जान्छ तर उहाँले गर्नुभएको सहयोगले हामीलाई साँधै सम्झाई रहन्छ ।' सामाजिक क्षेत्रमा योगदान दिदै आउनु भएका ढकालबाट अरूले पनि सिकेर सामाजिक काम गर्न उत्प्रेरणा थप्ने प्रमुख विष्टको भनाइ रहेको थियो । कार्यक्रमको अवसरमा पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको तर्फबाट ढकाललाई कदरपत्र समेत दियएको थियो ।

जन्मदिनको अवसरमा सहयोग पश्चात् ढकालले आफूले सहयोग गर्ने अवसर प्रदान गरी कार्यक्रम आयोजना गरेकोमा नगरपालिका र स्वास्थ्यकेन्द्रलाई धन्यवाद दिए । उनले भने-'मैले कोरोना भाइरस नियन्त्रण कोषमा सहयोग गर्छु भनेको रकम नगद भन्दा स्वास्थ सामाग्री दिने इच्छाले स्वास्थ्य केन्द्रलाई सामाग्री सहयोग गरेको हुँ ।' कार्यक्रममा थाहा नगरपालिकाका स्वास्थ्य संयोजक मेघराज बलामी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरू तथा स्थानीयहरूको समेत उल्लेख्य उपस्थिती रहेको थियो ।

यसैबीच जन्मदिनकै आवसरमा ढकालले थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको सीताराम ज्येष्ठ नागरिक दिवासेवा केन्द्रका ज्येष्ठ नागरिकहरूसंग भेटघाट गरेका छन् । सो अवसरमा ज्येष्ठ नागरिकहरूलाई उनले मिठाई वितरण गरेका थिए । आफ्नो माताको साथ ज्येष्ठ नागरिक सेवा केन्द्र पुगेपछि केन्द्रका ज्येष्ठ नागरिकहरू खुशी भएका थिए । ढकालले यसअघि उक्त सेवा केन्द्रमा विभिन्न सामाग्रीहरू सहयोग गर्दै आएकाछन् ।

# इन्द्रसरोवर गाउँपालिकाको सबै वडाबाट अब अनलाइन घटना दर्ता हुने




◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले व्यक्तिगत घटना दर्ता अनलाइन गर्ने भएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले उपलब्ध गराएको सूचना व्यवस्थापन प्रणाली (एमआइएस) मार्फत अनलाइन घटना दर्ता थालिने भएको एमआइएस अपरेटर मञ्जरी बलामीले जानकारी दिइन् ।

घटना दर्ता अनलाइन गर्नका लागि पालिकाका पाँच वटै वडाका सचिवहरूलाई तालिम दिइएको छ । सचिवहरूलाई एमआइएस अपरेटर बलामीले तालिम दिएकी हुन् । 'सचिवहरूलाई पाँचदिने तालिम दिइएको छ, अब सबै वडामा व्यक्तिगत घटना दर्ता अनलाइन हुन्छ'-बलामीले भनिन् । गाउँपालिकाको वडास्तरमा हुने व्यक्तिगत घटनाहरू हस्तलिखित नभई अब अनलाईन प्रणाली मार्फत दर्ता हुने गाउँपालिका अध्यक्ष जीवन लामाले बताए ।

पालिकाबाट वितरण हुने सामाजिक सुरक्षा भत्तालाई अनलाईन र बैंकिङ प्रणालीमा लैजान प्राथमिकताको साथ काम भैरहेको अध्यक्ष लामाले जानकारी गराए । वडा कार्यलयमा कार्यरत कर्मचारीहरूलाई प्रणालीमा दक्ष बनाउने र सेवाग्राहीलाई सहज, सरल र प्रविधिमैत्री सेवा दिन गाउँपालिका सदैब तयार रहेको उनको भनाई थियो । पालिकाको राजश्व प्रणाली लयागत अन्य सेवाहरूमा पनि अनलाईन प्रणाली तर्फ उन्मुख गराउँदै लैजाने पालिकाको योजना रहेको उनले बताए ।

इन्द्रसरोवरको ५ वटै वडा कार्यालय र माद्यमिक तहका विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तार गरिएको छ । अब गाउँपालिकाले इन्टरनेटमा आधारित गतिविधि बढाउने योजना रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरण निधि तिवारीले जानकारी दिए ।

तालिम समापनको अवसरमा सबै वडाका स्थानीय पञ्जीकाधिकारीहरूलाई डेक्सटप कम्प्युटर, प्रिन्टर, स्क्यानर र ४ जि वायरलेस डंगोल १/१ थान वितरण गरेको छ । पालिकाले प्रविधि सम्बन्धि तालिम तथा समाग्री प्रदानसँगै सबै वडाबाट यहि महिनाबाटै हस्तलिखित प्रमाणपत्र बन्द गरी अनलाइन प्रणाली मार्फत प्रमाणपत्र जारी गर्ने एमआइएस अपरेटर बलामीले जानकारी दिइन् ।

# सामुदायिक विद्यालयका लेखापालहरुलाई तालिम

◆ विकास संवाददाता

मकवानपुरका सामुदायिक विद्यालयका लेखापालहरूका लागि तीन दिवशीय लेखापालन सम्बन्धी तालिम आजबाट हेटौंडामा भएको छ । शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरको आयोजनामा सामुदायिक विद्यालयका प्रधानाध्यापक र लेखापालहरूका लागि लेखापालन तथा सार्वजनीक खरिद सम्बन्धी ३ दिने तालिम सुरू भएको हो ।

तालिमको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख एवम् जिल्ला शिक्षा समितिका अध्यक्ष रघुनाथ खुलालले उद्घाटन गर्नुभएको हो । तालिमको उद्घाटन गर्नुहुँदै प्रमुख खुलालले सामुदायिक विद्यालयमा लेखा व्यवस्थापनका लागि तालिम फलदायि हुने बताए । उनले खर्चको बैद्यता, कानुनी परिधिका बारेमा जानकारी नहुँदा विभिन्न समस्याहरू आउने गरेको हुँदा लोखापाल तथा सार्वजनकि खरिद सम्बन्धी तालिमले सहजता मिल्ने बताउनुभयो । प्रमुख खुलालले तालिमलाई परिणममुखि बनाउन आग्रह समेत गरे ।

मकवानपुरमा पहिलो पटक लेखापालन तथा सार्वजनीक खरिद सम्बन्धी तालिम संचालन गरिएको शिक्षा विकास तथा समन्वय ईकाईका प्मुख कृष्ण प्रसाद पौडेलले बताए । व्यवस्थित लोखा राख्न तालिम उपलब्धी मुलक हुने उनले बताए । तालिमको कोष तथा लेखा नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख रमेश अर्याल र बागमती प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका राजेन्द्र पाण्डेले सहजिकरण गरेका थिए ।

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७८ वैशाख ०६ गते सोमबार, 19 April. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# थाहानगरका उपभोक्तालाई जिल्ला प्रशासनको सचेतनामुलक कार्यक्रम

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरको आयोजनामा तथा थाहा नगरपालिकाको समन्वयमा उपभोक्ता हकहित सम्बन्धी एकदिने अनुशिक्षण कार्यक्रम भएको छ ।

मकवानपुर थाहा नगरपालिकाको विकास घरमा भएको कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य बासु खतिवडा, खाद्य सुरक्षा तथा गुण नियन्त्रण कार्यालयका सोमकान्त रिजाल र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक कृष्ण दाहालले प्रस्तुतिकरण गरेका थिए । उनीहरूले उपभोक्ता अधिकार र हालको कार्यान्वयनको अवस्थालगायतको विषयमा प्रस्तुतीकरण गरे । प्रस्तुतिकरणका क्रममा व्यवसायीले पनि उपभोक्तामैत्री भएर वस्तु तथा सेवा बिक्रि गर्न आवश्यक भएको बताएका थिए । उपभोक्ता मात्र सचेत भएर नहुने बताउँदै वस्तु तथा सेवा बिक्रीकर्ताले पनि उत्तिकै सजगता अपनाइ चनाखो भएर उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड गर्न नहुने बताएका थिए ।

थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विष्टले उपभोक्ताको अधिकार निकै बढि भएपनि कार्यान्वयनमा फितलोपन आएको बताए । कतिपय अधिकार स्थानीय तहलाई प्राप्त भएपनि विज्ञ विषेशज्ञका कारण कार्यान्वयमा कठिनाइ अएको सुनाए । बजार अनुगमनकाका लागि निर्देशिकाले निर्दिष्ट गरेको व्यक्तिहरू पालिकासंग उपलब्ध नहुने र अन्यत्रबाट उपलब्ध हुँदा ढिलो




भैसक्ने विष्टको भनाइ रहेको थियो । धेरै चुनौतिकाबीच पनि पालिकाले उपभोक्ता अधिकारको विषयमा काम गरिरहेको उनले बताए ।

थाहा नगरपालिकाका नगर उपप्रमुख तथा उपभोक्ता हित संरक्षण मञ्चका संयोजक खड्ग गोपालीले उपभोक्ता हितको लागि काम गर्दै आएको सुनाए । दामन सिमभन्ज्याङमा हिउँ परेको बेलामा होस या नियमित बजार अनुगमन सबै कार्य गम्भीरताकासाथ उपभोक्ताको हितमा काम गरिरहेको गोपालीले बताए । तुलनात्मक रूपमा अनुगमन पश्चात बजारमा निकै सुधार आएको बताउँदै नगरपालिकाले २/२ महिनामा बजार अनुगमन गरिरहेको बताए । थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानले थाहानगर उद्योग वाणिज्य संघ उपभोक्तावादी संस्थाको विपक्षी नभइ सहयोगी निकाय भएको बताए । उद्योग वाणिज्य संघले व्यवसायीहरूको हितका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको बताउँदै एकीकृत किसिमको सिविर र तालिमहरूबाट व्यवसायीहरूका निकै सचेतना आएको बताए । प्रधानले व्यवसायी पनि एक उपभोक्ता नै भएकोले थाहानगर क्षेत्र उपभोक्ताको हित विपरित हुने वस्तु तथा सेवा विक्रि वितरण हुने नगरेको बताए ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालले राज्यको निकायहरूबाट उपाभोक्ता अधिकारको विषयमा सचेतनामुलक कार्यक्रमहरू संचालन भैरहेको बताउँदै यसलाई अझ बढाउन आवश्यक भएको बताए । जबसम्म सबै सचेत हुँदैनन् तबसम्म गुणस्तरीयवस्तु तथा सेवा उपभोग नहुने बताए । यसका लागि सबै निकायहरू उत्तिकै सक्रिय हुन आवश्ह्यक भएको रिजालको भनाई थियो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले स्वागत मन्तव्य व्यक्त भएको कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहदेव आचार्य, अमित कर्ण, राष्ट्रिय उपभोक्ता मञ्चका थाहानगर अध्यक्ष प्रमोद जोशी, उपभोक्ता हकहित संरक्षण मञ्चका शकुन्तला गोपाली, उर्मिला गोपाली, थाहा नगरपालिकाका विभिन्न शाखा प्रमुखहरूलगायतकाको उपस्थिती रहेको थियो । कार्यक्रम मकवानपुरका प्रमुख जिल्ला अधिकारी गोविन्द प्रसाद रिजालको सभाध्यक्षतामा भएको थियो ।


◆ घटना दर्ता गर्दा ढिलाइ भए जरिवाना

घटना घटेको ३५ दिन भित्र दर्ता गराउँदा निःशुल्क र त्यसपछि तोकिएको जरिवाना तिरी दर्ता गर्नुपर्दछ ।

◆ बैशाख महिनाको पहिलो साता विशेष अभियान

प्रत्येक वर्ष बैशाख महिनाको पहिलो साता संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी बनौं ।

◆ घटना दर्ताको अनलाईन निवेदन कसरी दिने ?

नागरिकले व्यक्तिगत घटना दर्ताको अनलाई आवेदन दिन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाईट https://donidcr.gov.np मा रहेको अनलाईन घटना दर्ताको निवेदन लिंकमा गई विवरण भरी प्राप्त टोकन नम्बर लिएर दर्ता शिविर वा सम्बन्धित वडा कार्यलयमा गई घटना दर्ता गर्न सकिनेछ ।






“ दोहोरो घटना दर्ता गर्नु, झुटा विवरण दिई घटना दर्ता गराउनु दण्डनीय कार्य हो । ”

“ बहुविवाह गर्नु गैरकानुनी कार्य हो । तसर्थ बहुविवाह नगरौं, नगराऔं । ”





गुनासो:

घटना दर्ता सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय सरकारको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको
वेबसाइट: https://gms.donidcr.gov.np/Grievance/PublicMain
फेसबुक: https://www.facebook.com/DepartmentofNationalI-DandCivilRegistration
ट्विटर: https://twitter.com/DoNIDCRNep
इमेल: info@donidcr.gov.np
फोन: ०१-५२०००५६ मार्फत दर्ता गराउन सकिन्छ ।

“ २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु, गराउनु दण्डनिय अपराध हो । ”

“ व्यक्तिगत घटना घटेको ३५ दिन भित्र स्थायी ठेगाना भएको वडमा घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो । ”



व्यक्तिगत घटना दर्ता

थप जानकारी लागि

थाहा नगरपालिका
इन्द्रायणी चौर मकवानपुर
सम्पर्क नं. ०५७-४०००६६

◆ व्यक्तिगत घटना दर्ता के हो ?


व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना घटेमा स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा गई सूचना दिने, दर्ता गराउने र प्रमाण-पत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

◆ व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र किन आवश्यक पर्दछ ?

व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र बालबालिकालाई विद्यालयमा भर्ना गर्न, नागरिकता बनाउन, नाबालक राष्ट्रिय परिचय-पत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न साथै राज्यबाट पाउने सेवा, सुविधा र हक स्थापना गर्न आवश्यक पर्दछ ।

◆ व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

आफ्नो स्थायी ठेगाना भएको वडामा तोकिएको सूचकले आवश्यक कागजात सहित घटना दर्ता गराउन सकिन्छ ।



व्यक्तिगत घटना दर्तामा सूचक र संलग्न गर्नुपर्ने कागजपत्रबारे जानकारी

| घटना | सूचक | संलग्न गर्नुपर्ने कागजपत्र |
|---|---|---|
| जन्म | ➢ बाबु र आमा,<br>बाबु र आमा उपस्थित हुन नसकेमा बाबु वा आमा,<br>➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुबा वा हजुरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकताको प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण,<br>➢ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण, |
| विवाह | ➢ पति र पत्नी दुवै जना | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ पतिको नागरिकता प्रमाणपत्र,<br>➢ पत्नीको नागरिकता प्रमाणपत्र (भएमा),<br>➢ पति पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| सम्बन्ध विच्छेद | ➢ पति वा पत्नी | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपि, |
| बसाई सराई | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फाराम<br>➢ सूचकको नागरिकता प्रमाणपत्र |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको नागरिकताको प्रमाण पत्र<br>➢ लगत हस्तान्तरणको सक्कल फाराम |
| मृत्यु | ➢ बाबु वा आमा वा पति वा पत्नी वा छोरा वा छोरी,<br>➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति, | ➢ सूचकको सहिछाप सहितका सूचना फाराम,<br>➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्यु प्रतिवेदन वा प्रमाण |


# बागमतीमा लोकसेवा परीक्षा रोकियो

◆ विकास संवाददाता

बागमती प्रदेश लोकसेवा आयोगले आगामी १७ र १८ गतेका लागि तोकोको परीक्षा कार्यक्रम स्थगन गरेको छ ।

प्रदेश लोकसेवा आयोग परीक्षा संचालन शाखाका निमित्त सचिव भोला दाहालद्वारा जारी सूचनामा बैशाख १७ र १८ गतेका दिन खुला/समावेशी एकीकृत परीक्षा अन्तर्गत प्रशासन सेवा, सामान्य प्रशासन /लेखा समुह, सहायकस्तरको चौथो/सह-लेखापाल पदको दोस्रो चरणको लिखित परीक्षा अर्को सूचना नभएसम्म स्थगन गरेको उल्लेख गरिएको छ ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी